# बाल अधिकार प्रवर्द्धन तथा संरक्षणसम्बन्धी कार्यविधि, २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०८२।०७।२१

प्रमाणिकरण मिति: २०८२।०७।२१

राजविराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय राजबिराज, सप्तरी ।

# बाल अधिकार प्रवर्द्धन तथा संरक्षण सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना**

बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्बर्द्धन गरी बालमैत्री नगरपालिकाको निर्माण गर्दै बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न समयानुकूल कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले, संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि १९८९, नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५, प्रदेश बाल अधिकारसम्बन्धी ऐन, २०७७ र बालबालिकासम्बन्धी विद्यमान कानूनहरू तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको विषयहरूलाई कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरी स्वीकृत गरिएको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "बाल अधिकार प्रवर्द्धन तथा संरक्षणसम्बन्धी कार्यविधि, २०८२ रहेको छ ।

(ख) यो कार्यविधि नगरसभा वा नगर कार्यपालिका बैठकले स्वीकृत गरी जारी गरे पश्चात तुरुन्तै लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले राजविराज नगरपालिका सम्झनुपर्छ ।

(ख) "उपमेयर" भन्नाले यस नगरपालिकाको उपमेयरलाई सम्झनु पर्दछ ।

(ग) "संविधान" नेपालको संविधानलाई सम्झनुपर्छ ।

(घ) "बालबालिकासम्बन्धी ऐन, २०७५" भन्नाले संघीय संसदले जारी गरेको बालबालिकासम्बन्धी ऐन, २०७५ लाई सम्झनुपर्छ ।

(ङ) "प्रदेश बाल अधिकारसम्बन्धी ऐन, २०७७" भन्नाले मधेश प्रदेश सभाले जारी गरेको प्रदेश बाल अधिकारसम्बन्धी ऐन, २०७७ लाई सम्झनुपर्छ ।

(च) "कार्यविधि" भन्नाले नगरपालिकाद्वारा जारी गरिएको बाल अधिकार प्रवर्द्धन तथा संरक्षणसम्बन्धी कार्यविधि, २०८२ सम्झनुपर्छ ।

(छ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरूलाई सम्झनुपर्छ ।

(ज) "बालबालिका शाखा/ईकाइ" भन्नाले राजविराज नगरकार्यपालिकाको कार्यालयमा रहेको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा र नगरपालिका भित्रका सबै वडा कार्यालयहरूमा स्थापना गरिएको बालबालिका सम्बन्धित शाखा/एकाइ डेस्कलाई समेत सम्झनु पर्दछ।

(झ) "स्थानीय बालअधिकार समिति" भन्नाले यसै कार्यविधिको दफा १३ बमोजिम बालबालिकाको अधिकारहरूको संरक्षण, सम्मान र परिपूर्ति गर्न गराउन नगरपालिकामा गठन भएको समितिलाई सम्झनु पर्दछ।

(ञ) "वडा बाल अधिकार समिति" भन्नाले यसै कार्यविधिको दफा १७ बमोजिम वडा तहमा बालबालिकाको अधिकारहरूको संरक्षण, सम्मान र परिपूर्ति गर्न गराउन गठन भएको समितिलाई सम्झनु पर्दछ।

(ट) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ।

(ठ) "बाल क्लब" भन्नाले यस राजविराज नगरपालिकाद्वारा जारी गरेको बालअधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि, २०८२ बमोजिम गठन वा पुनर्गठन भई क्रियाशील रहेका बाल क्लबहरूलाई सम्झनु पर्दछ।

(ड) "बाल क्लब सञ्जाल" भन्नाले यस राजविराज नगरसभाद्वारा जारी गरेको बालअधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि २०८२ बमोजिम गठन वा पुनर्गठन भई क्रियाशील रहेका बाल क्लबहरूको सञ्जाललाई सम्झनु पर्दछ।

(ढ) "संरक्षक" भन्नाले अभिभावक विहिन बालबालिकालाई अभिवाकत्व प्रदान गर्न यस कार्यविधि अनुरुप नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ।

(ण) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई नगरपालिकासँग समन्वय गरी कार्य गर्ने नाफा रहित सामाजिक संस्थालाई सम्झनुपर्छ।

(त) "बाल कोष" भन्नाले यस नगरपालिकाको बालअधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि, २०८२ अनुरुप स्थापना गरी कार्यान्वयनमा रहेको बाल कोषलाई सम्झनु पर्दछ।

(थ) "नगरसभा" भन्नाले नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

(द) "नगर कार्यपालिका" भन्नाले राजविराज नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ध) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनुपर्छ।

(न) "कसुरजन्य कार्य" भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूर सम्झनु पर्दछ।

(प) "बाल गृह" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५२ अनुसारको बाल गृह सम्झनुपर्छ

(फ) "बाल गृह मापदण्ड" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५२ अनुसारको मापदण्ड सम्झनुपर्छ ।

(ब) "मनोसामाजिक सेवा" भन्नाले बाल मनोवैज्ञानिक, विशेषज्ञ, मनोसामाजिक विमर्शकर्ताद्वारा गरिने आकलन, लेखाजोखा, विमर्श, प्रेषण, निदान र उपचारसम्बन्धी सेवा सम्झनुपर्छ ।

(भ) "वडाध्यक्ष" भन्नाले नगरपालिकाअर्न्तगत वडाध्यक्ष वा सो हैसियतमा काम गर्ने पदाधिकारी सम्झनुपर्छ । सो शब्दले वडाध्यक्षको कार्यवाहक भई काम गर्न अख्तियार पाएको सदस्यलाई समेत जनाउँछ ।

(म) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिमका बालबालिका सम्झनुपर्छ ।

(य) "समाजसेवी वा मनोविज्ञ" भन्नाले बालबारिकासम्बन्धी ऐन, २०७५ को ६२ बमोजिम सूचीकृत समाजसेवी वा मनोविज्ञ व्यक्तिलाई सम्झनुपर्छ । सो पदावलीले सम्बन्धित विषयमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत जनाउँछ ।

(र) "सेवाप्रदायक" भन्नाले नगरपालिकाको क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका वा प्रवाह गर्ने दायित्व भएका सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, प्रहरी चौकी तथा यस्ता अन्य सार्वजनिक निकायलाई सम्झनुपर्छ । सो शब्दावलीले सार्वजनिक सेवा प्रदान गर्ने निजी क्षेत्रबाट सञ्चालित बैंकिङ वा सूचना सञ्चारसम्बन्धी सेवाप्रदायकलाई समेत जनाउँछ ।

(ल) "स्वास्थ्य कर्मी" भन्नाले अनुमति प्राप्त गर्ने निकायबाट चिकित्सक, स्वास्थ्य सहायक वा स्वास्थ्यसेवा दिन इजाजत प्राप्त स्वास्थ्यकर्मी सम्झनुपर्छ ।

## परिच्छेद २

## बाल अधिकार तथा संरक्षणसम्बन्धी आधारभूत सिद्धान्तहरू

३. बाल अधिकार प्रचलनकारी आधारभूत सिद्धान्त: बालबालिकाका मूलभूत मानव अधिकार तथा मौलिक स्वतन्त्रताको सुनिश्चितस्वरुप बालबालिकासँग सम्बन्धित कुनै पनि कार्य गर्दा बाल अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनमा उल्लेख भएबमोजिम देहायका सिद्धान्तहरूलाई अवलम्बन गरिनेछ ।

(क) मर्यादापूर्ण जीवनको सम्मान: बालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियतको प्रतिष्ठा मर्यादामा आघात नपर्ने गरी व्यवहार गर्ने र तिनको स्वतन्त्र पहिचानलाई तिनका बाबुआमा, संरक्षक वा माथवर व्यक्तिको व्यक्तित्वसँग अन्तरभूत विषयको रुपमा व्यवहार गर्ने,

(ख) सर्वाङ्गिण विकासको सुनिश्चितता: मानव व्यक्तिको रुपमा प्रत्येक बालबालिकामा रहेका प्रतिभा, क्षमता र सम्भाव्यताको पूर्ण प्रस्फुटन हुन पाउने अवसर उपलब्ध गराउदै तिनको विकासको अधिकारलाई प्रचलनमा ल्याउन सरसम्भव प्रयास गर्ने,

(ग) सहभागिता र अभिमतको सम्मान: नागरिक जीवनको तयारीको रुपमा सामाजिक र सार्वजनिक जीवनमा तिनको सहभागितालाई यथासम्भव बढी स्थान दिने गरी अवसर सिर्जना गरिनेछ । बालबालिकाकै विषयमा गरिने कुनै पनि कार्यक्रम वा क्रियाकलापमा तिनलाई आधिकारिक सहभागी गराइने र तिनलाई प्रभाव पर्ने विषयमा निर्णय लिनुपर्दा सो विषयमा सम्बन्धित बालबालिकालाई तिनको विचार/अभिमत प्रकट गर्ने अवसर दिइनेछ र

(घ) संरक्षणको सुनिश्चितता: प्रत्येक बालबालिकालाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, सामाजिक, शारीरिक तथा यौन शोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, बौद्धिक तथा भावनात्मक दुर्व्यवहारबाट जोगाई संरक्षण सुनिश्चित गर्ने ।

४. बाल संरक्षणका आधारभूत सिद्धान्त: नगरपालिकाको क्षेत्रभित्र बालबालिकाको अधिकारको सम्मान र संरक्षण तथा परिपूर्ति गर्ने प्रयोजनमा बाल अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनमा उल्लेख भए बमोजिम देहायका सिद्धान्तहरूलाई अवलम्बन गर्नेछ :

(क) मर्यादापूर्ण व्यवहार गर्ने: प्रत्येक बालबालिकाको व्यक्तिगत सम्मान, मर्यादा तथा व्यक्तिगत गोपनियता खण्डित हुन नदिई व्यवहार गर्ने,

(ख) निर्विभेदता : प्रत्येक बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जातजाति, लिंग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, क्षेत्र, सम्पत्ति, अपाङ्गता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने र भेदभावरहित रुपमा तिनको उमेर सुहाउँदो व्यवहार गर्ने,

(ग) बालबालिकाको सर्वोत्तम: हित बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथमिकता दिइनेछ ।

(घ) व्यक्तिगत विवरणको गोपनियता पालन गरिने: बालबालिकाको नामसहित व्यक्तिगत पहिचानसम्बन्धी विवरणमा सम्बन्धित बालबालिका, निजका बाबुआमा, परिवारका सदस्य वा संरक्षक र कानूनबमोजिम अख्तियारप्राप्त अधिकारीबाहेक अन्यको पहुँचको विषय हुनेछैन । तर व्यक्तिगत पहिचान नखुल्ने बालबालिकाको एकीकृत तथ्याङ्कको रुपमा बालबालिकासम्बन्धी विविधीकृत तथ्याङ्क सरोकारवालालाई नगरपालिकाबाट प्राप्त हुनेछ ।

## परिच्छेद ३

## बाल अधिकारको संरक्षण तथा प्रचलन

५. बाल अधिकारको संरक्षण गर्नुपर्ने: नगरपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरूको संरक्षण र प्रचलन बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६४ बमोजिम गर्न र गराउन सक्नेछ ।

**६. आवश्यक सेवाप्रवाह सुनिश्चित गर्ने :**

(१) बाल अधिकारको संरक्षण तथा प्रचलनको प्रयोजनका लागि नगरपालिकाले आफ्ना क्षेत्रभित्रका सबै बालबालिकाका लागि निम्नानुसारको सेवा सुलभ र सुनिश्चित रुपले प्रवाह गर्नेछ

(क) गर्भवती महिलाको स्वास्थ्य र शिशुको स्वस्थ जन्मको लागि आमा तथा शिशु दुवैको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्यस्याहार तथा पोषणको बन्दोबस्त गर्ने,

(ख) राष्ट्रिय खोप तालिका बमोजिम खोप सेवा,

(ग) क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूद्वारा निःशुल्क परीक्षण तथा औषधी सुविधासहितको द्वैमासिक रुपमा विद्यालय स्वास्थ्य शिविर सञ्चालन,

(घ) क्षेत्रभित्र बालबालिकालाई समाजिक सेवा तथा मनोवैज्ञानिक सेवा दिने, समाजसेवी र मनोविज्ञको सूचीकरण र उपलब्ध जनशक्तिको अद्यावधिक अभिलेख व्यवस्थापन तथा सेवा प्रवाह,

(ङ) हिंसा, परित्याग वा अन्य दुर्व्यवहारबाट पीडित बनेका बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहारको बन्दोबस्त,

(च) विपद् तथा प्रकोप (भूकम्प, बाढी, पहिरो, आगलागी, बन्यजन्तुको आक्रमण) प्रभावित बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहार सहायता,

(छ) स्थानीय चाडपर्व, विवाह भोज, मेला आदिमा बालबालिकाको सुरक्षार्थ प्राथमिक सेवा,

(ज) क्षेत्रभित्रका बालबालिकाको निर्बाध जन्मदर्ता,

(झ) विशिष्टीकृत सेवा उपलब्ध हुने निकाय वा सेवाप्रदायकसमक्ष प्रेषण तथा सिफारिस,

(ञ) आपत्मा परेका, बेवारिस फेला परेका वा हराएका बालबालिकाको खोज उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि हेल्पलाईन तथा खोजतलास सेवा, र

(ट) बालहित तथा बालमैत्री वातावरणमा सेवा पाउने सुनिश्चितताका लागि आवश्यक अन्य बन्दोबस्त १

(२) नगरपालिकाको क्षेत्र भित्र सेवा प्रवाह गरिरहेका सार्वजनिक, सामाजिक वा निजी सेवाप्रदायक निकाय, संस्था, विद्यालयहरूमा बालमैत्री सेवा प्रवाह तथा बालबालिकाविरुद्धका कुनै पनि प्रकारका हिंसा वा दुर्व्यवहार रोकथाम तथा निवारणका नगरपालिकाले बाल अधिकार संरक्षण मापदण्ड निर्माण गरी लागू गर्न गराउनेछ।

(३) क्षेत्रभित्रका बालबालिकाको संरक्षणका लागि नगरपालिकाले देहायका उपायहरू अवलम्बन गर्नेछ :-

(क) विद्यालयमा राजनीतिक गतिविधि गर्न र बालबालिकालाई दलगत राजनीतिक क्रियाकलापमा सहभागी गराउने कार्यलाई निषेध गर्ने,

(ख) विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निष्कासन गर्ने परिपाटीको अन्त्यको प्रयास कायम राख्ने,

(ग) बालबालिकाको उपस्थिति रहने विद्यालय तथा अन्य सेवाप्रवाह स्थानमा तिनका लागि सफा खानेपानी, आरामकक्ष, शौचालय तथा किशोरीका लागि सेनेटरी प्याड सहितका प्राथमिक स्वास्थ्य उपचार सामग्रीको बन्दोबस्त गर्ने,

(घ) विद्यालय र समुदायमा बालबालिकाविरुद्ध हुन सक्ने सबै प्रकारका हानिको रोकथाम तथा भयरहित शिक्षण तथा सामुदायिक सिकाइका लागि बाल क्लबमार्फत बालबालिकाका रचनात्मक क्रियाकलापलाई प्रोत्साहित गर्ने,

(ङ) बालबालिकाविरुद्ध हुन सक्ने हिंसा, दुव्र्यवहार तथा शोषणको अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली क्रियाशिल बनाउने र प्रेषण प्रणालीलाई प्रभावकारी पार्ने,

(च) नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, वडाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासनसम्बन्धी प्रशिक्षित गर्ने,

(छ) बाल संरक्षण तथा प्रेषण प्रणालीलाई वडा तथा नगरपालिकाको योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी नियमित चालु राख्ने,

(ज) प्रत्येक वडामा बाल उद्यान र खेलमैदान, पुस्तकालय तथा वाचनालयहरूको व्यवस्था तथा सञ्चालन गर्ने,

(झ) नगरपालिकाभित्रका ४-५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्र र ६-१३ वर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने बन्दोबस्त गर्ने,

(ञ) बाल विवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह तथा बालश्रमको प्रयोगजस्ता कानूनद्वारा निषेध गरिएका क्रियाकलापको निगरानी तथा कानूनी कारवाहीका लागि प्रेषण,

(ट) नगरपालिकाको क्षेत्रभित्र कसैले बालबालिकासम्बन्धी ऐन, २०७५ परिच्छेद २ अनुसारका बाल अधिकारको उल्लंघन गरेमा वा परिच्छेद ३ अनुसार दायित्व पूरा नगरेमा दफा ६४ बमोजिम पीडित बालबालिकाको तर्फबाट निवेदन परेमा न्यायिक समितिले आवश्यक कारवाही गरी बाल अधिकार प्रचलन गराउनेछ ।

**७. नगरपालिका क्षेत्रभित्रका बालबालिकासम्बन्धी अद्यावधिक तथ्याङ्कीय विवरण राख्ने :**

(१) नगरपालिकाले आफ्ना क्षेत्रभित्रका १८ वर्षको उमेर पूरा नभएका सबै बालबालिकाको खण्डीय एकीकृत तथ्याङ्कीय विवरण अद्यावधिक हालतमा राख्नेछ ।

(२) नगरपालिकाले यस्तो तथ्याङ्कीय अद्यावधिक विवरण वडागत रुपमा राख्न वडा समिति, वडाअध्यक्ष र वडा कार्यालयहरूलाई निर्दिष्ट गर्न सक्नेछ ।

(३) बालबालिकाको खण्डीय एकीकृत तथ्याङ्कीय विवरण अनुसूची १ बमोजिम ढाँचामा राखिनेछ ।

**८. बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता :**

(१) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरू वा सेवाप्रदायका संरचना र व्यवहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चित गर्न नगरपालिकाले मन्त्रालयलेजारी गरेको मापदण्डबमोजिम बालमैत्री अवस्थाको भौतिक, प्राविधिक तथा मानवीय सहजताको लेखाजोखा गर्नेछ

(२) लेखाजोखा प्रतिवेदनको आधारमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायक संस्थाको भौतिक संरचनालाई बालमैत्री हुने गरी निर्माण गर्न वा मर्मतसुधार गर्न लगाउन सक्नेछ।

(३) बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायकलाई सेवाप्रवाह बालमैत्री बनाउन नगरपालिकाले निर्देशन दिन, क्षमता बिकास र सुधारका कार्यका लागि सहायता प्रदान वा आवश्यक सहजीकरण गर्न सक्नेछ।

## परिच्छेद ४

## बालबालिकाको विशेष संरक्षण तथा पुनर्स्थापना

**९. वैकल्पिक हेरचाहको प्रबन्ध :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रमा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्नेछ।

(२) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ (१) को खण्ड (क) देखि (ङ) सम्म उल्लेख भएका कुनै पनि बालबालिका नगरपालिकाको इलाकामा असंरक्षित वा बेवारिसे अवस्थामा रहेको सूचना प्राप्त हुनासाथ बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको प्रबन्ध यथाशीघ्र मिलाउनुपर्नेछ।

(३) वैकल्पिक हेरचाहको प्रबन्धको प्राथमिक उपचार गर्दा बालकल्याण अधिकारीले सर्वप्रथम हेरचाह आवश्यक भएको बाबु वा आमातर्फका नातेदारहरूमध्ये सबैभन्दा नजिकको नातामा पर्ने प्राथमिकताक्रमलाई प्रश्रय दिनुपर्नेछ र मुलुकी देवानी संहिता २०७४ को भाग ३ पारिवारिक कानूनसम्बन्धी परिच्छेद ६ को संरक्षक र परिच्छेद ७ को माथवरसम्बन्धी व्यवस्थाले निर्देश गरेअनुसारका बालबालिकाका अधिकार संरक्षित हुने गरी हेरचाहको प्रबन्ध मिलाउनुपर्नेछ।

(४) नजिकको नातेदारमार्फत वैकल्पिक हेरचाह सम्भव नभएमा त्यस्तो बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिको संरक्षकत्वमा रहने गरी हेरचाहको प्रबन्ध मिलाउनुपर्नेछ।

(५) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ (१) को खण्ड (च) र (छ) अनुसारका बालबालिकाका लागि वैकल्पिक हेरचाहका लागि यथासम्भव परिवारमा आधारित हेरचाह गर्ने संस्थालाई प्राथमिकता दिनुपर्नेछ।

(६) पारिवारिक हेरचाह गर्ने संस्था नभएमा बाल गृहमा त्यस्ता बालबालिकाको वैकल्पिक हेरचाह गराउने प्रबन्ध मिलाउनुपर्नेछ।

(७) नगरपालिकाको क्षेत्रमा कसैले अनाथ, बेवारिसे वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिभावक नभएको बालबालिका फेला पारेमा वा रहेभएको जानकारी भएमा अनुसूची २ बमोजिमको ढाँचाको विवरणसहित बालकल्याण अधिकारी वा स्थानीय प्रहरी कार्यालयलाई सूचना उपलब्ध गराइदिनुपर्छ।

**१०. बाल गृहको स्थापना तथा सञ्चालन :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि बाल गृह स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र परोपकारको उद्देश्यले कानूनबमोजिम कुनै संस्थाले अनाथ बालआश्रम वा अनाथालय वा बाल गृह सञ्चालनमा ल्याएको वा सञ्चालन गरेमा बालकल्याण अधिकारीले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षणार्थ पठाउन सक्नेछ । यसरी संरक्षणार्थ पठाइएको बालबालिकालाई त्यस्तो बालआश्रम वा अनाथालय वा बाल गृहले उचित हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनुपर्नेछ ।

(३) अनाथ बालआश्रम वा अनाथालय तथा बाल गृहको भौतिक पूर्वाधार, बन्दोवस्ती जनशक्ति तथा सञ्चालन बाल गृह मापदण्डबमोजिम हुनेछ ।

## परिच्छेद ५

## बालसहभागिता तथा बाल क्लब सञ्चालन

**११. बाल सहभागिताको अभ्यास :**

(१) नगरपालिकाले बालबालिकालाई आफूलाई असर पार्ने विषयमा आफ्नो धारणा बनाउन र व्यक्त गर्न सक्षम बनाउने प्रयोजनका लागि परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाबाट गरिने बालबालिकासम्बन्धी निर्णय प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गर्नेछ ।

(२) बाल सहभागिता प्रवर्द्धनका लागि नगरपालिकाबाट देहायका उपायहरू अवलम्बन गरिनेछन् ।

(क) बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिकासँग वडास्तरीय सहभागितात्मक छलफल गर्ने,

(ख) बाल सुरक्षा, शिक्षा र खेलकुद लगायत तिनको प्रतिभा विकासका ठोस कार्यक्रम तर्जुमा गरी लागू गर्ने र त्यसमा बालबालिकालाई स्वैच्छिक रुपमा व्यवस्थापकीय भूमिका खेल्ने अवसर दिने,

(ग) बालबालिकाको क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटनका लागि उनीहरूकै पहलमा बालहितकारी सूचना सामग्री, भित्तेपत्रिका प्रकाशन र रेडियो कार्यक्रम सञ्चालन गर्नमा आवश्यक स्रोतसाधन उपलब्ध गराउने,

(घ) बालबालिकाको पहलमा बाल क्लब र बाल क्लब सञ्जाल दर्ताको लागि निवेदन परेको आधारमा बाल क्लब र बाल क्लब सञ्जाल सुचिकृत गरी प्रमाण पत्र निःशुल्क उपलब्ध गराउने र सञ्चालनका लागि सहजीकरण गर्ने,

(ङ) बाल क्लब र बाल क्लब सञ्जालको नवीकरण गरिदिने, र

(च) बाल सहभागिता र बालबालिकाको धारणा व्यक्त गर्ने र सुनुवाई हुने वातावरण सिर्जना गर्ने कार्यक्रम तय र सञ्चालन गर्ने ।

**१२. बाल क्लब वा संस्था दर्ता तथा नवीकरण:**

१. बालक्लब वा संस्था सञ्चालन गर्न चाहने बालबालिकाले दर्ताका स्थानीय तहमा देहायका विवरणसहित अनुसूची ३ बमोजिम निवेदन दिनुपर्नेछ

(क) बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा टोल विकास संस्था वा समिति, अध्ययनरत विद्यालय वा आश्रित बालगृहको सिफारिसपत्र,

(ख) बालक्लब वा संस्थाको उद्देश्य तथा सोमार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(ग) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि तथा सञ्चालन विधिसमेत खुलेको प्रवन्धावली, र

(घ) तदर्थ कार्यसमितिका पदाधिकारीको नामावली ।

२. उपदफा १ बमोजिम निवेदन आएमा स्थानीय तहले बालक्लब वा संस्था दर्ता गरी दर्ता अनुसूची ४ बमोजिमको प्रमाणपत्र दिनेछ ।

३. उपदफा २ बमोजिम दर्ता भएको बालक्लब वा संस्थाले प्रत्येक वर्ष स्थानीय तहमा देहायको विवरण खुलाई नवीकरणको लागि अनुसूची ५ बमोजिम निवेदन दिन सक्नेछन् :

(क) बर्षभर आफूले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

(ख) सदस्यहरू तथा कार्य समितिमा रहेका पदहरूको विवरण ।

(ग) उपदफा ३ बमोजिम निवेदन आएमा स्थानीय तहले बालक्लब वा संस्थाको नवीकरण गरिदिनेछ ।

४. स्थानीय तहमा दर्ता र आवद्ध भएका बाल क्लब वा संस्थाको अभिलेख अनुसूची ६ बमोजिम र नवीकरण अभिलेख अनुसूची ७ बमोजिम राखिनेछ र दर्ता र आवद्धता वा नवीकरण गरेबापत कुनै शुल्क लिइने छैन ।

५. प्रत्येक बाल क्लब तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरूको संक्षिप्त जानकारी प्रत्येक वर्षको फागुन महिनाको मसान्तसम्म स्थानीय बाल अधिकार समितिमा पठाउनुपर्नेछ

६. बाल क्लब वा संस्थाले विवरण नबुझाएमा वा नवीकरण नगराएमा दर्ता भएको वा पछिल्लो नवीकरण गराएको मितिले दुई वर्षको अवधि नाघेपछि सो बाल क्लब वा संस्था स्वत: निष्क्रिय भई स्वविघटित भएको मानिनेछ र दर्ता अभिलेखबाट अपलेखन गरिनेछ ।

**१३. बाल क्लब वा संस्थाको वर्गीकरण:**

१. स्थानीय तहमा दर्ता हुने बाल क्लब वा संस्थाको वर्गीकरण देहायबमोजिमको हुनेछ

**(क) समुदायमा आधारित बाल क्लब,**

अ. स्थानीय तहको निश्चित भूगोल भित्रको टोल, बस्ती, वडाभित्र विद्यालय जाने र नजाने दुबै किसिमका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर समुदायमा आधारित बाल क्लब गठन गर्न सकिनेछ।

आ. उपदफा १ बमोजिमका बाल क्लबले स्थानीय तहमा समुदायमा आधारित बाल क्लबको नाममा दर्ता गर्न सक्नेछन्।

इ. उपदफा (१) बमोजिमका बाल क्लबले सम्बन्धित भूगोल भित्रको सबै उमेर, लिंग, जाति, आर्थिक हैसियत कमजोर भएका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ।

ई. समुदायमा आधारित बाल क्लबमा सदस्य बन्नका लागि उक्त क्षेत्रभित्र सामान्यतः ६ महिना वा सो भन्दा बढी स्थायी वा अस्थायी बसोबास भएको हुनु पर्नेछ।

**(ख) विद्यालयमा आधारित बाल क्लबः**

अ. कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न विद्यालयमा आधारित बाल क्लब गठन गर्न सकिनेछ।

आ. उपदफा (१) बमोजिमका बाल क्लबले स्थानीय तहमा विद्यालयमा आधारित बाल क्लबको नाममा दर्ता हुन सक्ने

छन्।

इ. उपदफा (१) बमोजिमको बाल क्लबले सम्बन्धित विद्यालयमा अध्ययनरत सबै जातजाति, कक्षा, लिंग, आर्थिक तथा शारीरिक अवस्था कमजोर बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ।

ई. विद्यालयमा आधारित बाल क्लबको सञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि एकजना संरक्षक शिक्षक विद्यालय प्रशासनले तोक्न सक्नेछ।

**(ग) विषयगत बाल क्लबः**

अ. समुदायमा लुकेर रहेको वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेको विशिष्ट विषयहरू जस्तै बालिकाको मात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवतर्न, बालश्रम, एचआइभी तथा एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट-ढंगले विषयगत बाल क्लब गठन गर्न सकिनेछ।

आ. विषयगत बाल क्लब विद्यालय तथा समुदायमा आधारित बाल क्लबको उपसमूहको रूपमा समेत गठन गर्न सकिनेछ।

**(घ) विशिष्टीकृत बाल क्लबः**

अ. अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, स्थानीय तहको विशिष्टीकृत निकायले विशेष प्रकृतिको आफ्नो संस्थागत बाल क्लब गठन गर्न सक्नेछन् ।

आ. उपदफा (अ) बमोजिमको बाल क्लबको गठन र व्यवस्थापन विधि स्वयं यसको महासघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन् ।

(ङ) बालगृह वा बाल सुधार गृहमा आधारित बाल क्लबः

अ. बालगृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको अधिकार संरक्षण तथा सम्बर्धनका लागि बालगृह वा बाल सुधार गृहमा आधारित बाल क्लब गठन गर्न सकिनेछ ।

आ. उपदफा (अ) बमोजिमको बाल क्लबले सम्बन्धित बालगृह वा सुधार गृहमा रहेका सबै जातजाति, कक्षा, लिंग, आर्थिक तथा शारीरिक अवस्था कमजोर बालबालिका तथा अपाङगता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।

इ. बालगृह वा सुधारगृहमा आधारित बाल क्लबको सञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि गृह प्रमुखले एकजना संरक्षक शिक्षक वा सहजकर्ता तोक्न सक्नेछ ।

**१४. बाल क्लब सञ्जाल दर्ता तथा नवीकरणः**

१. स्थानीय तहमा दर्ता भएका बालक्लब वा संस्थाहरूले नगर वा नगरपालिका स्तरीय बाल सञ्जाल दर्ता गर्न चाहेमा देहायका विवरणसहित स्थानीय तहमा निवेदन दिनुपर्नेछ

(क) बालक्लब वा संस्थाहरूको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बालक्लब वा संस्थाहरूले सञ्जालको रूपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपि,

(ग) बालक्लब वा संस्थाहरूको सञ्जालको उद्देश्य र मुख्य क्रियाकलाप,

(घ) बालक्लब वा संस्थाको सञ्जालमा प्रत्येक बालक्लब वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि, र

(ङ) सञ्जालको सदस्य तथा कार्य समितिमा रहने पदाधिकारीको विवरण ।

२. स्थानीय तहमा दर्ता भएका बालक्लब वा संस्थाहरूले उपदफा १ बमोजिम बाल सञ्जाल स्थापना गर्न निवेदन दिएमा स्थानीय तहले सञ्जालको दर्ता गरी प्रमाणपत्र दिनेछ ।

३. स्थानीय तहमा दर्ता भएका बाल सञ्जालले आफूले गरेको कामको संक्षिप्त विवरण, सदस्यहरूको विवरण समेत खुलाई प्रत्येक दुई वर्षमा स्थानीय तहमा नवीकरणको लागि निवेदन दिनुपर्नेछ

४. उपदफा ३ बमोजिमको निवेदन आएमा स्थानीय तहले बाल सञ्जालको नवीकरण गरिदिनेछ

५. स्थानीय तहले बाल सञ्जाललाई व्यवस्थित गर्न स्थानीय बाल अधिकार समितिको सिफारिसमा वडा वा स्थानीय तह स्तरमा बाल सञ्जाल गठन गरी कार्य गर्न दिन सक्नेछ ।

६. बाल सञ्जाल दर्ता र नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन ।

७. बाल सञ्जालले ५ वर्षसम्म नवीकरण नगराएमा स्वत: निष्क्रिय भई स्वविघटित भएको मानिनेछ र दर्ता अभिलेखबाट अपलेखन गरिनेछ ।

## १५. बाल क्लब, संस्था वा सञ्जालको काम, कर्तव्य र अधिकार

१. बाल क्लबको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्ष मुनिका सबै बालबालिकाहरुको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निवन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरूका अभिभावक, र परिवारका अन्य सदस्यहरूलाई बाल अधिकारको बारेमा सचेत गराउने,

(ग) सिकाई प्रक्रियामा बाल सहभागिता अभिवृद्धि गर्दै बालबालिकामा अन्तरनिहीत प्रतिभाको प्रस्फुटन गर्ने गराउने ।

(घ) बालबालिकालाइ जीवनपयोगी सीपको बारेमा जानकारी गराउने,

(ङ) बाल क्लबलाइ बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रूपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रूपान्तरण गर्न सक्ने साधनको रूपमा बाल क्लबलाई परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न स्थानीय तहमा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने,

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउने र सामाजिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरूको विरूद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरु विद्यालय भनीबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,

(झ) स्थानीय तह तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरुले सञ्चालन गर्ने जनचेतनामुलक कार्यमा सकृय सहभागिता जनाउने,

(ञ) बालमैत्री शासन प्रवर्द्धनका लागि निर्धारित सुचकहरु कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा स्थानीय तह तथा वडालाई निरन्तर सहयोग गर्ने, र

(ट) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका, वडा तथा टोल विकास संस्थाहरुलाई सहयोग गर्ने ।

२. बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

(क) आफ्नो क्षेत्रभित्रका बालक्लबहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

(ख) आवद्ध बालक्लबहरूको गतिविधि सञ्चालन गर्न सञ्जाललाई वडा, स्थानीय तह तथा अन्य सहयोगी संस्थाहरूबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) विदा र फुर्सदको समय मिलाई बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा अतिथिको रूपमा उपस्थित भई बालक्लबका अन्य साथीहरूलाई हौसला प्रदान गर्ने,

(घ) बाल अधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरू बालक्लबहरूमार्फत प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिहरूको गठन गरी सञ्जालका पदाधिकारीहरूका बीचमा कार्यविभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने,

(ङ) स्थानीय तहले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण चरणहरूमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरूको तर्फबाट आएको योजना तथा सुझावहरू समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

(च) स्थानीय स्तरमा बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाइ, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरूद्ध बालक्लबको तर्फबाट आवश्यक पहल र पैरवी गर्ने साथै यस्ता किसिमका घटनाका बिरूद्ध सम्बन्धित सरोकारवाला पक्षहरूको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने,

(छ) बालक्लबहरुले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरुको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरुसँग समन्वय गर्ने,

(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरूमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने,

(झ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत अन्य संघसस्था तथा सरोकारवालाहरूबीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने,

(ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लबहरूले सम्पन्न गरेका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख राख्ने तथा स्थानीय तह र नगर बाल अधिकार समितिमा पेस गर्ने, र

(ट) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सिर्जना गर्ने ।

३. उपदफा १ र २ मा तोकिएको कुनै कुराले बाल क्लब, बाल संस्था तथा बाल सञ्जाललाई देहाय बमोजिमका कार्यहरूमा सहभागी हुन वा गर्न गराउन पाउने छैन :

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनको पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुर्याउन,

(ग) समुदायका विभिन्न जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भङ्ग हुने र पहिचान खुल्ने गतिविधिहरू गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरूमा सहभागी हुन तर प्रतिस्पर्धी, आवासीय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्वअनुमति बेगर जिउज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेल्न खेलाउन,

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार वा व्यवसाय गर्न,

(ज) सिंगो परियोजना सञ्चालन गर्न वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्न,

(झ) आर्थिक जिम्मेवारी लिई कार्य गर्न,

(ञ) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्य गर्न गराउन, र

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्साई स्थानीय बाल अधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा स्थानीय तह वा विद्यालयले रोक लगाएका कार्य गर्न गराउन ।

**१६. बाल क्लब, संस्था वा सञ्जालका थप सर्त तथा जिम्मेवारी: -**

१. बाल क्लब, बाल संस्था वा बाल सञ्जालमा पाँच वर्षमाथिका सबै उमेरसमूह, लिङ्ग, जातजाति, फरक क्षमता भएका बालबालिकालगायत स्थानीय समाज वा समुदायको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी हुनुपर्नेछ । तर बालिकाहरू वा दफा ११ बमोजिम वर्गीकृत सदस्य मात्र रहन सक्ने गरी बालक्लब वा संस्था सञ्चालन गर्न बाधा पर्ने छैन ।

२. बालक्लब, संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रियाबमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नुपर्नेछ ।

३. बालक्लब, संस्था वा सञ्जालको नेतृत्व वा यसका क्रियाकलापमा बढीभन्दा बढी बालबालिकालाई अवसर पाउने गरी सञ्चालन गर्नुपर्नेछ ।

४. बालक्लब, संस्था वा सञ्जालका पदाधिकारीहरुले दुई कार्यकाल भन्दा बढी पदमा निरन्तर नबसी क्रमशः अर्को बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ ।

५. बालक्लब, संस्था वा सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न हुँदैन ।

६. बालक्लब, संस्था वा सञ्जालले आफ्ना क्लब, संस्था वा सञ्जालका सदस्यहरुको हित हुने र दीर्घकालसम्म फाइदा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७. बालक्लब, संस्था वा सञ्जालले राजनीतिक दलका दलीय कार्यक्रममा सहभागी हुने वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम सञ्चालन गर्नु हुँदैन। तर, राजनीतिक विचारधारा र दृष्टिकोणका विषयमा बौद्धिक अन्तक्रिया, वक्तृत्वकलात्मक बहस र छलफलजस्ता कार्यक्रम आयोजना वा सञ्चालन गर्न वा सोमा सहभागी हुन यस नियमले कुनै बाधा पर्ने छैन ।

८. बालक्लब वा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक कारोबार बालक्लब वा संस्था र बाल सञ्जाल सञ्चालन गर्न सिफारिस गर्ने सम्बन्धित टोलविकास संस्था, विद्यालय, बालगृह, सामुदायिक व्यवस्थित गरिदिनुपर्नेछ । बालक्लब वा संस्था र बाल सञ्जाल आफैले कुनै पनि किसिमको आर्थिक कारोबार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बालक्लब वा संस्था र बाल सञ्जाललाई आर्थिक भार पर्ने कुनै पनि दायित्व दिन वा कार्य गराउन हुँदैन ।

९. बालक्लब वा संस्था र बाल सञ्जालसँग सहकार्यमा कुनै कार्यक्रम सञ्चालन गर्दा गराउँदा सहकार्य गर्ने सम्बन्धित संस्थाले आर्थिक दायित्व बेहोर्ने गरी सञ्चालन गर्नु गराउनुपर्नेछ ।

१०. बालक्लब वा संस्था र बाल सञ्जालको आर्थिक पक्षको जिम्मेवारी पाएको संस्थाले सोसँग सम्बन्धित आर्थिक कारोबारको नेपाल कानून बमोजिम संस्थाले राख्ने लेखाप्रणालीबमोजिम अलग्गै लेखा तथा अभिलेख राख्नुपर्नेछ ।

**१७. बाल क्लब तथा बाल सञ्जालको स्थानीय स्तरको भेलाः**

१. सार्वजनिक निकाय वा संस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लब वा संस्था र बाल सञ्जालको वडा, स्थानीय तहस्तरको भेला आयोजना गर्न सक्नेछन् ।

२. उपदफा १ बमोजिमको भेलाका आयोजकले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आमाबाबु, संरक्षक वा माथवरसँग अनुमति लिई लिखित मञ्जुरीनामामा हस्ताक्षर गराउनुपर्दछ ।

३. उपदफा १ बमोजिमको भेला आयोजना गर्दा बालबालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा बालबालिकालाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ । तर बालिकाको हकमा महिलाको साथ लगाइ पठाउनुपर्नेछ ।

## परिच्छेद ६

## स्थानीय बाल अधिकार समितिसम्बन्धी व्यवस्था

**(१८) स्थानीय बाल अधिकार समिति गठन :**

(१) नगरपालिकामा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने स्थानीय बाल अधिकार समिति गठन हुनेछ।

(क) नगरपालिकाको उपमेयरले तोकेको कार्यपालिका सदस्य - अध्यक्ष

(ख) नगरकार्यपालिकाले तोकेको महिला सहित २ जना कार्यपालिका सदस्य - सदस्य

(ग) नगरपालिका भित्रका विद्यालयका प्रधाध्यापक / शिक्षकहरूमध्येबाट १ जना महिला सहित कम्तिमा २ जना - सदस्य

(घ) सूचीकृत समाजसेवी र बाल मनोविज्ञ २ जना - सदस्य

(ङ) नगरपालिका भित्रको प्रमुख अस्पतालको चिकित्सक १ जना - सदस्य

(च) नगरपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक र शिक्षा शाखा प्रमुख २ जना - सदस्य

(छ) नगर बाल क्लब सञ्जालका प्रतिनीधि बालिका सहित १ जना - सदस्य

(ज) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी - सदस्य

(झ) बाल अधिकार, संरक्षण, कल्याण, बालन्यायको कार्यानुभवी व्यक्ति/संस्था मध्येबाट नगर कार्यपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

(ञ) बाल कल्याण अधिकारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

**१९. स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :**

(१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको दीर्घकालिन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने,

(ग) नगरपालिकाद्धारा सञ्चालित बालबालिकासम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन र समीक्षा गरी सुझाव दिने,

(घ) नगरपालिकाभित्र हुन सक्ने बाल विवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र

नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुर्नस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) नगरपालिकाभित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासनको अवलम्बनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको नेतृत्व लिने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) नगरपालिकामा एक आर्थिक वर्षमा बालबालिकासम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिकासम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेबसाइटमा राख्ने, समिति तथा नगरपालिकामा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(झ) बालबालिकासम्बन्धी तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिने तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ट) नगरपालिकामार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि द्वयपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकुल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ड) नगरपालिकामा बालबालिका खोजतलास केन्द्र तथा बाल हेल्पलाइन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ढ) धर्मपुत्र, धर्मपुत्री लिन दिन चाहने दम्पति तथा व्यक्तिलाई समितिमा सूचीकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ण) विशेष संरक्षणका आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुर्नस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारवाही गर्न सुझाव तथा प्रतिवेदनसहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ) नगरपालिकाभित्र हुनसक्ने बाढी, पहिरो, हुरी बतास, शीतलहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फलुन्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(द) नगरपालिकाभित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुर्नस्थापना केन्द्र लगायत आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको व्यक्तिगत विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा सास्कृतिक कार्यक्रम लगायत बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण केन्द्र, पुर्नस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबालिका बैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अभिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

(७) व्यवस्थापन कक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरू प्राप्त गरेको छ वा छैन,

(८) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकतानुसार वडास्तरीय बाल अधिकार समिति वा बालकल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२०. स्थानीय बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था :**

स्थानीय बाल अधिकार समितिको बैठकसम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ,

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनासहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ,

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिन सक्नेछ,

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ,

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ, र

(९) बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) समितिले आवश्यकतानुसार समितिको सदस्य नरहेका स्थानीय बुद्धिजिवी, बालअधिकारकर्मी, शिक्षाप्रेमी लगायतलाई आवश्यकताअनुसार बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**२१. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने :**

(१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक सेवाकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरू मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

**२२. वडा स्तरीय बाल अधिकार समिति :**

(१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन् ।

(क) सम्बन्धित वडाको वडाअध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्यसहित २ जना वडा सदस्य अध्यक्ष

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापक वा निजले तोकेको फोकल शिक्षकमध्येबाट १ जना सदस्य

(घ) वडा स्तरीय बाल सञ्जालले तोकेको १ जना सदस्य

(ङ) वडा प्रहरी प्रमुख, नेपाल प्रहरी सदस्य

(च) वडामा रहेको स्वास्थ्य चौकीको प्रमुख तथा प्रतिनिधि सदस्य

(छ) समाजसेवी, बालमनोविज्ञ, बाल अधिकार/बाल न्यायका कार्यानुभवी व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेको १ जना सदस्य

(छ) वडा सचिव सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(३) समितिले आवश्यकतानुसार समितिको सदस्य नरहेका वडा सदस्य, वडास्थित विद्यालय व्यवस्थापन समिति वा संघसंस्थाका प्रनिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**२३. वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार:**

(१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकारसुम्बन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने,

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

(ग) वडालाई बालमैत्री बनाउने सिंगो प्रक्रियाको नेतृत्व लिने,

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने,

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजुरीहरूको सङ्कलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने,

(च) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने,

(छ) वडा स्तरमा बाल विवाह, उमेर नपुगी र जबरजस्ती गरिने विवाह, बाल श्रम, बेचबिखन, ओसारपसार, बालबालिका विरुद्ध हुने हिंसा, दुरव्यहार, शोषण अन्त्यका लागि बाल सरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ज) सार्वजनिक सुनुवाइका समयमा नगरपालिकाबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने,

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्साङ्कन गर्ने,

(ञ) बाल अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि वहुपक्षीय निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(ट) वडामा रहेका बाल क्लब, सञ्जालको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने,

(ठ) वडामा सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने,

**२४. वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था :**

वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छ :

(१) समितिको बैठक कम्तीमा बर्षको चार पटक अध्यक्षले तोको मिति, समय र स्थानमा बस्नेछ,

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ,

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहति बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ,

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ,

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिन सक्नेछ,

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ,

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ, र

(९) बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद ७

## बाल कल्याण अधिकारी

### २५. बाल कल्याण अधिकारीको नियुक्ति

(१) नगरपालिकाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६१ को उपदफा (१) बमोजिम बालकल्याण अधिकारी नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्त नभएसम्म नगरपालिकाले महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ।

(३) उपदफा (१) अनुसार नियुक्त वा उपदफा (२) अन्तर्गत तोकिएको बालकल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ।

### २६. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :

बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) स्थानीय बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने,

(ख) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र बजेट कार्यान्वयन गर्न नगरपालिका र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवम् कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,

(ग) नगरपालिकाभित्र स्थायी तथा अस्थायी रुपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्थासम्बन्धी तथ्याङ्क सङ्कलन, अद्यावधिक र विश्लेषण गरी प्रतिवेदन गर्ने,

(घ) नगरपालिकामा जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने,

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने,

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण नगरपालिकाबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने,

(छ) बालबालिकाविरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने,

(ज) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिम नगरपालिकाभित्र भएका वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय बाल अधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने,

(झ) नगरपालिकामा भएका बाल अधिकार उल्लंघनका घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण र घटना व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(ञ) मुलुकी देवानी संहिता २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने,

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने,

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने,

(ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति, जिल्ला बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने,

(ढ) नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने,

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने,

## परिच्छेद ८

## बाल मनोविज्ञ, समाजसेवी तथा सेवाप्रदायकसम्बन्धी व्यवस्था

**२७. समाजसेवी वा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति:**

(१) नगरपालिकाका क्षेत्रभित्र समाजसेवी तथा बालमनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समितिसमक्ष आफ्नो नाम सूचीकृत गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सामजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले आवश्यक कागजात तथा विवरण खुलाई सूचना जारी गर्नेछ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रुपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा विवरणसहित स्थानीय बाल अधिकार समितिमा निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझबाट तोकिएको न्यूनतम् योग्यता पुगेका निवेदनहरूलाई समाजसेवी वा बालमनोविज्ञको रुपमा सूचीकृत गरी स्थानीय बाल अधिकार समितिले सोको सूचना प्रकाशन गर्नेछ।

(५) सुचीकृत समाजसेवी र बालमनोविदमध्येबाट सम्बन्धित क्षेत्रमा काम गर्ने समाजसेवी र बालमनोविज्ञको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा अन्य निकायको हकमा सम्बन्धित निकायको लागि तोकिएको वा तोकिएबमोजिम र नगरपालिकाअन्तर्गतको कामको हकमा स्थानीय बाल अधिकार समितिको शिफारिसमा नगरपालिकाले तोकेबमोजिम हुनेछ।

**२८. सेवाप्रदायकको नक्साङ्कन तथा सूचीकरण :**

(१) नगरपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्द्धनमा कामगर्ने संस्थाहरूलाई नगरपालिकाले सुचिकृत गर्नुपर्नेछ।

(२) उपदफा (१) सूचीकृत हुन संस्थाहरूले स्थानीय बाल अधिकार समितिमा आवश्यक कागजात तथा विवरणसाथ निवेदन गर्नेछन,

(३) उपदफा (२) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ स्थानीय बाल अधिकार समितिले तोको योग्यता पुगेका निवेदनहरूलाई सेवाप्रदायक निकायको रुपमा स्थानीय बाल अधिकार समितिले सूचीकृत गरेको सुचना प्रकाशन गर्नेछ

(४) उपदफा (३) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवाप्रवाहको अवसर प्रदान गर्नेछ ।

## परिच्छेद ९

## बाल कोष सञ्चालन तथा व्यवस्थापन

**२९. बालकोष:**

१. विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसापीडित बालबालिकाको सहयोगार्थ स्थानीय तह स्तरमा एक बाल कोष रहनेछ ।

२. उपदफा १ बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) स्थानीय तहबाट वार्षिक रूपमा विनियोजित बजेट रकम

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालअधिकार प्रचलन गराउने सिलसिलामा बालबालिकाविरूद्ध भएको उल्लङ्घनवापत सावालक व्यक्तिलाई गरिएको जरिवाना रकम

(ङ) बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च) अन्य तोकिएका आम्दानी

**३०. कोष सञ्चालक समिति:**

१. स्थानीय तहमा बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछस

(क) उपमेयर, नगरपालिका, संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) लेखा प्रमुख सदस्य

(घ) स्थानीय बाल अधिकार समितिका सदस्य मध्ये समितिले तोकेको सदस्य

(ङ) बालकल्याण अधिकारी सदस्य सचिव

२. उपदफा १ बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

**३१. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:**

१. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।

(क) तत्कालीन समयमा स्थानीय तहभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका नगर बालसंरक्षण समिति वडा बालसंरक्षण समितिका नाममा रहेको बाल उद्धार कोषको नाममा रहेको सबै कोष रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने, गराउने,

(ख) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(घ) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(ङ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

(छ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

(ट) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अन्य काम गर्ने वा गराउने।

**३२. बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था:**

समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम कायम गरिएको छ

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(घ) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ

(च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(ज) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(झ) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनस्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले एकपटकमा बढीमा रु. २५ हजारसम्म निकासा खर्च गर्न सक्नेछ तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**३३. कोषको प्रयोग प्रयोजन:**

१. बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछ

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाकालाई राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानुनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हकहित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन,

(घ) बालकोषबाट गरिने बालबालिकाको सहयोगका लागि कोष सञ्चालक समितिले तोके बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।

**३४. बालकोषको खर्चका सीमा:**

१. बाल कोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिने छ

(क) हिंसा पीडित बालबालिकालाई अधिकतम २० हजार सम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि

(ख) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिको निर्धारण गरे बमोजिम हुनेछ।

(ङ) बाल कोषको रकम तालिम, गोष्ठी, बैठकभत्ता, भ्रमण तथा अनुगमन एवं प्रशासनिक कार्य र सचेतनाका कार्यक्रममा खर्च गर्न पाइने छैन।

**३५. कोषको खाता सञ्चालन:**

१. बाल कोषको रकम समितिको निर्णयले पालिकाको फ्रिज नहुने खातामा जम्मा गरेर लेजर खाता छुट्टै खडा गरी संचालन गरिने छ।

२. उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि राजविराज नगरपालिकाको हकमा पालिका उपमेयर र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

३. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

३६. कोषको लेखा र लेखा परीक्षण:

१. कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

## परिच्छेद १०

## विविध

**३७. स्रोतको व्यवस्थापन :**

नगरपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ।

**३८. प्रोत्साहन पुरस्कारको व्यवस्था :**

बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लब, सञ्जाल तथा संघसंस्थालाई नगरपालिकाले पुरस्कार दिन वा संघसंस्थालाई आर्थिक सहयोग प्रदान गर्न सक्नेछ।

**३९. यसै कार्यविधि बमोजिम भए गरेको मानिने :**

नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालवालिकासम्वन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भएको गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्बन गर्दा बालवालिकासम्वन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्वर्द्धन प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्ने छैन।

**४०. संशोधन तथा बचाउ :**

यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरू नगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्ने छ। यस कार्यविधिमा उल्लेख भएका विषयहरू अन्य प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुने छ।

अनुसूची १

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| बालविकास शिक्षा चार वर्ष शिशु | प्रवायक संस्था | | | | | |
| | सहभागी शिशु/असहभागी शिशु | | | | | क्षमता |
| | जनशक्ति सक्षमता/योग्यता | | | | | अनुपात |
| | दिवा खाजा | | | | | शैक्षिक |
| | आवास र विद्यालय दूरी | | | | | योग्यता |
| | बालशिक्षामा घरधुरी खर्च | | | | | क्यालोरी |
| आधारभूत शिक्षा | प्रतिकक्षा भर्ना (नयाँ) | | | | | मिटर |
| | उत्तीर्ण/अनुत्तीर्ण | | | | | रकम |
| | विद्यालय छोडाई | | | | | |
| | विद्यालय बाहिर बालबालिका | | | | | |
| | दिवा खाजा | | | | | |
| | आवास र विद्यालय दूरी | | | | | क्यालोरी |
| | सुरु भर्ना र शिक्षा सम्पन्ना उत्तीर्ण | | | | | मिटर |
| | माध्यम भाषा (विषयगत रुपमा) | | | | | |
| | निःशुल्क पाठ्यपुस्तक आपूर्ति | | | | | |
| | निःशुल्क शैक्षिक सामग्री आपूर्ति | | | | | |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | |
| | विद्युतीय माध्यमको प्रयोग | | | | | |
| | शिक्षामा घरधुरी खर्च | | | | | प्रकार |
| माध्यमिक शिक्षा | प्रतिकक्षा भर्ना (नयाँ) | | | | | रकम |
| | उत्तीर्ण/अनुत्तीर्ण | | | | | |
| | विद्यालय छोडाई | | | | | |
| | विद्यालय बाहिर बालबालिका | | | | | |
| | आवास र विद्यालय दूरी | | | | | |
| | सुरु भर्ना र शिक्षा सम्पन्ना उत्तीर्ण | | | | | |
| | माध्यम भाषा (विषयगत रुपमा) | | | | | |
| | निःशुल्क पाठ्यपुस्तक आपूर्ति | | | | | |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | प्राविधिक शिक्षा विषय र विद्यार्थी | | | | | |
| | विद्युतीय माध्यमको प्रयोग | | | | | |
| | शिक्षामा घरधुरी खर्च | | | | | |
| वैकल्पिक शिक्षा/परम्परागत शिक्षा | प्रदायक संस्था | | | | | |
| | प्रति कक्षा विद्यार्थी | | | | | |
| | विषय र शिक्षण माध्यम | | | | | |
| | शिक्षण विधि | | | | | |
| | विषयगत जनशक्ति र विद्यार्थी | | | | | |
| | प्राविधिक शिक्षा विषय र विद्यार्थी | | | | | |
| | विद्युतीय माध्यमको प्रयोग | | | | | |
| | शिक्षामा घरधुरी खर्च | | | | | |
| खेलकुद | बालबालिकाको खेल रुची | | | | | |
| | विद्यालयमा उपलब्ध खेलकुद सामग्री | | | | | |
| | विद्यालयमा उपलब्ध खेल र विश्राम समय (घण्टामा) | | | | | |
| | समुदायमा खेलकुद सहभागिता | | | | | |
| अपांगतामैत्री सेवा प्रवाह | अपांगतामैत्री भौतिक संरचना | | | | | |
| | अपांगसहायक उपकरण | | | | | |
| | अपांगतामैत्री शिक्षणविधि प्रयोग | | | | | |
| | अपांगमैत्री शिक्षामा विद्यार्थी | | | | | |
| यौन तथा प्रजनन् | यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा | | | | | |
| | स्वास्थ्य संस्थामा सुत्केरी भएको | | | | | |
| | प्रसुतीकर्मीबाट गराएको सुत्केरी | | | | | |
| | अन्य सुरक्षित सुत्केरी | | | | | |
| | गर्भवतीको स्वास्थ्यजाँच | | | | | |
| | गर्भवति महिला | | | | | |
| | चिकित्सात्मक गर्भपतन | | | | | |
| | गैरचिकित्सात्मक गर्भपतन | | | | | |
| | अनिच्छित वा जबरजस्त गर्भधारण | | | | | |
| | परिवार नियोजन साधन आपुर्ति | | | | | प्रकार |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | नियोजनसाधन कमीबाट गर्भधारण | | | | | |
| | न्यून तौलमा जन्मेको नवजात | | | | | |
| | जन्मपछि नवजात मृत्यु | | | | | |
| | सुत्केरी हुँदा आमाको मृत्यु | | | | | |
| | शिशुजन्म अभिलेख | | | | | |
| | गोप्यता कायम संकेतको प्रयोग | | | | | |
| | वास्तविक नामको खुलासा | | | | | |
| | अन्य पक्षबाट नामको खुलासा | | | | | |
| | दुई वर्ष पुरा स्तनपान गर्न पाएका बालबालिका | | | | | |
| | स्वच्छ खानेपानी पुगेको घरधुरीका बालबालिका | | | | | |
| | स्वास्थ्य र पोषण शिक्षा/सूचना | | | | | |
| | नियमित बालबालिका स्वास्थ्यजाँच | | | | | |
| | शुरु छ महिना अटुट शिशु स्तनपान | | | | | |
| | बालबालिकालाई पोषण आपूर्ति | | | | | |
| | खोप लगाएका बालबालिका | | | | | |
| | पाँच वर्षमुनिका शिशुको मृत्यु | | | | | |
| | कम तौल वा कुपोषित पाँच वर्षमुनिका बालबालिका | | | | | |
| रोकथाम, नियन्त्रण र उपचार | लाग्ने तथा सर्ने रोगबारको सचेतना प्रवर्द्धनमा जनसहभागिता | | | | | प्रकार |
| | खोप लगाएका जनसाधारण | | | | | प्रकार |
| | यकिन गरिएका रोग र उपचारबाट निको भएका बालबालिका | | | | | |
| | दुर्व्यसनीमा सामेल बालबालिका | | | | | |
| | मानसिक स्वास्थ्य सेवालाभान्वित | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | आपतकालिन सेवाबाट लाभान्वित | | | | | |
| | विशेषज्ञ सेवा लाभान्वित | | | | | |
| | सेवाप्रदायक संस्था र क्षमता | | | | | |
| | स्वस्थ्य जनशक्ति र सेवाग्राही | | | | | |
| | स्वास्थ्य बिमामा बालसहभागिता | | | | | |
| जन्म प्रमाण र दर्ता | बालबालिकाको जन्म अभिलेखन | | | | | |
| | जन्म दर्ता पञ्जीकरण | | | | | |
| | आमाको नामबाट मात्र जन्मदर्ता | | | | | |
| | आमाबाबु बेठेगान जन्मदर्ता | | | | | |
| संरक्षकत्व | दुवै बाबुआमासाथ रहेका | | | | | |
| | आमाको मात्र संरक्षकत्वमा रहेका | | | | | |
| | स्वच्छिक संरक्षकत्वमा रहेका | | | | | |
| | माथवरको संरक्षकत्वमा रहेका | | | | | |
| | क्षेत्रभित्र धर्मपुत्र वा धर्मपुत्री रहेका | | | | | |
| | धर्मपुत्रपुत्री भै क्षेत्रबाहिर गएका | | | | | |
| | विशेष संरक्षणमा रहेका | | | | | |
| | बालश्रमविरुद्धको कारवाही | | | | | |
| | बालसंरक्षण मापदण्ड लागू संस्था | | | | | |
| | मापदण्ड उल्लंघनविरुद्ध कारवाही | | | | | |
| सहभागिता | विद्यालयका निर्णयमा | | | | | |
| | न्यायिक निर्णयमा | | | | | |
| | सार्वजनिक संस्थागत निर्णयमा | | | | | |
| | बाल क्लब दर्ता | | | | | |
| | सार्वजनिक समारोहमा सहभागिता | | | | | |
| न्यायिक अधिकार प्रचलन | विद्यालयमा बालमैत्री वातावरण | | | | | |
| | बालमैत्री संरचना निर्माण र मर्मत | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | निर्णयपूर्व प्रभावितको धारणा बुझ्न | | | | | |
| | संरक्षकीय अभिमतको अवसर | | | | | |
| | उमेरसापेक्ष बोलीवचन र व्यवहार | | | | | |
| | मातृभाषिक दोभासेको सेवा | | | | | |
| | निर्णयपूर्व प्रभावितको धारणा बुझ्ने | | | | | |
| अनुसन्धान निगरानी | परिवार वा संरक्षकसँगै राखी अनुसन्धान गरिएका मुद्दा | | | | | |
| | परिवार वा संरक्षकलाई जनाउ | | | | | |
| | नियन्त्रणमा लिइएका बालबालिका | | | | | |
| | नियन्त्रण लिन प्रयुक्त तरिका, बल तथा स्रसाधन | | | | | |
| | उपलब्ध बाल मनोविद् | | | | | |
| | उपलब्ध सामाजिक सेवा | | | | | |
| | अनुसन्धानार्थ निगरानीको अवधी | | | | | |
| | निगरानी कक्षको भौतिक प्रवन्ध | | | | | |
| | अभिभावक भेटघाट (घण्टा) | | | | | |
| | कानूनव्यवसायीको भेटघाट (घण्टा) | | | | | |
| | सहयोगार्थ अभिभावको बसाइ | | | | | |
| | भिन्नै अनुसन्धानएकाइ र जनशक्ति | | | | | |
| | बालन्यायमा प्रशिक्षित जनशक्ति | | | | | |
| पीडित बालबालिका | फौजदारी कसुर वा कसुरजन्य कार्यबाट पीडित बालबालिका | | | | | |
| | बारदातबाट उद्धार गरिएका बालबालिका | | | | | |
| | अनुसन्धानमा सहयोगी रहेका पीडित बालबालिका | | | | | |
| | पीडित अधिकारबारे सुसूचित गरिएका बालबालिका | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | उपलब्ध बाल मनोविद | | | | | |
| | उपलब्ध सामाजिक सेवा | | | | | |
| | निजी कानूनव्यवसायीको सेवा | | | | | |
| विशान्तर | विशान्तर गरिएका मुद्दा | | | | | |
| | अवलम्बित उपाय | | | | | |
| | सफल विशान्तर | | | | | |
| | आरोपित बालबालिका | | | | | |
| | पीडित बालबालिका | | | | | |
| | पीडित वयस्क | | | | | |
| | विशान्तर उल्टी भएका मुद्दाहरू | | | | | |
| अभियोजन | प्रतियाचना सौदाबाजी ( प्लिबार्गेनिङ) समाविष्ट गरी अभियोजित मुद्दा र बालबालिका | | | | | |
| | सुधार गृहमा राख्ने बाहेक अन्य स्वरुपका सजाय प्रस्तावित अभियोजन गरिएका मुद्दा र बालबालिका | | | | | |
| | सुधारगृहमै राखी पुर्पक्ष तथा निरुपण हुन अभियोजन गरिएका मुद्दा र बालबालिका | | | | | |
| पुर्पक्ष र निरुपण पीडित बालबालिकासम्बन्धी | बालबालिकाविरुद्ध भएका कसुरका मुद्दाहरू | | | | | |
| | फौजदारी मुद्दा रहेका पीडित बालबालिका | | | | | |
| | कारबाहीमा सहभागी रहेका पीडित बालबालिका | | | | | |
| | पीडितको अधिकारबारे सुसूचित गरिएका बालबालिका | | | | | |
| | प्रतिवादीको प्रत्यक्ष उपस्थितिमा पीडित कारबाहीमा सरिक भएका मुद्दा | | | | | |
| | प्रतिवादीको उपस्थिति अप्रत्यक्ष तुल्याइएका मुद्दा | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| कसुरजन्य कार्यका आरोपित बालबालिकासम्बन्धी | अभिभावकको उपस्थितिमा पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | अभिभावकको उपस्थिति नरहेका मुद्दा र बालबालिका | | | | | |
| | आफै कानुनव्यवसायी राखेका बालबालिका र मुद्दा | | | | | |
| | बालइजलासको पूर्णतामा पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | बन्द तथा खुला इजलासबाट पुर्पक्ष भएका मुद्दा र बालबालिका | | | | | |
| | पुर्पक्षका लागि तारिखमा रहने गरी अभिभावकको जिम्मा दिएका बालबालिका | | | | | |
| | ससर्त अभिभावकको जिम्मा लगाइएका बालबालिका | | | | | |
| | अन्य अधिकारी वा निकायको सुपरिवेक्षणमा समुदायमै रहन अनुमति दिइएका बालबालिका | | | | | |
| | पुर्पक्षार्थ सुधारगृहमा रहन पठाइएका बालबालिका | | | | | |
| | सामाजिक अध्ययन प्रतिवेदन प्राप्त बालबालिका र मुद्दा | | | | | |
| | मनोवैज्ञानिक अध्ययन प्रतिवेदन प्राप्त बालबालिका र मुद्दा | | | | | |
| | पीडित प्रभाव प्रतिवेदन प्राप्त बालबालिका र मुद्दा | | | | | |
| | सजायपूर्वको प्रतिवेदन प्राप्त बालबालिका र मुद्दा | | | | | |
| | पुर्पक्षबाट प्रतिवादीले पूर्ण सफाइ पाएका बालबालिका र मुद्दा | | | | | |
| | पुर्पक्षबाट आंशिक बालबालिकाले सफाइ पाएका बालबालिका र मुद्दा | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | १२० दिनभित्र निरुपण सम्पन्न मुद्दा | | | | | |
| | सजायस्वरुप ससर्त अभिभावकको जिम्मा लगाइएका बालबालिका र मुद्दा | | | | | |
| | सेवाप्रदायकबाट अभिमुखीकरण गराउने गरी सजायस्थगन गरिएका बालबालिका र मुद्दा | | | | | |
| | मनोसामाजिक परामर्श गराउने गरी सजाय स्थगन भएका बालबालिका र मुद्दा | | | | | |
| | अभिभावक वा विद्यालय वा अन्य संस्थागत निगरानीमा तोकिएको सर्त र अवधीका लागि रहने गरी सजाय स्थगत भएका बालबालिका र मुद्दा | | | | | |
| | सामुदायिक सेवाको सजाय पाएका बालबालिका र मुद्दा | | | | | |
| | सुधारगृहमा रहने सजाय पाएका बालबालिका र मुद्दा | | | | | |
| बाल गृह/बाल सुधारसम्बन्धी | गृहको भौतिक क्षमता बालबालिकाको आवासक्षेत्र/दिवा समयमा बालबालिकाले घुमफिर गर्न पाउने क्षेत्र/खेलकुद क्षेत्र/करेसाबारी/व्यवस्थापन र सुरक्षा क्षेत्र | | | | | |
| | गृहको जनशक्ति | | | | | |
| | प्रशिक्षित जनशक्ति | | | | | |
| | गृहमा उपलब्ध सेवाहरू | | | | | प्रकार/प्रतिदिन कार्यघण्टा |
| | पुर्पक्षार्थ सुधारगृहमा रहन पठाइएका बालबालिका र मुद्दा | | | | | |
| | सजायस्वरुप सुधारगृहमा राखिएका बालबालिका र मुद्दा | | | | | |
| | अभिभावक भेटघाट (घण्टा) | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | कानूनव्यवसायीको भेटघाट । घण्टा। | | | | | |
| | सहयोगार्थ अभिभावकको बसाई | | | | | |
| | सुधार कार्यक्रम | | | | | प्रकार |
| | बालबालिकाको व्यवहारमा आएको सुधार | | | | | मुद्दा र प्रकार |
| | व्यवहारको सुधारका आधारमा अवधि घटाउन वा छुट दिन वा स्वरुप परिवर्तनका लागि सिफारिस गरिएका बालबालिका र मुद्दा | | | | | |
| | सजायको स्वरुप परिवर्तन भई समुदायमा आएका बालबालिका | | | | | |
| | उपचारार्थ आवासीय पुनंस्थापनामा पठाइएका बालबालिका | | | | | |
| | अदालतबाट बाँकी सुधारअवधि छुट भै छुटकारा पाएका बालबालिका | | | | | प्रकार |
| | छुटकारा पूर्वतयारी कार्य र बालबालिकाको सहभागिता | | | | | |
| | सप्ताहान्त वास गर्ने बालबालिका | | | | | |
| | समुदायमा पुनर्स्थापित गरिएका बालबालिका | | | | | |
| विशेष संरक्षण र पुनर्स्थापना | विशेष संरक्षणको खाँचो रहेका बालबालिका | | | | | |
| | उद्धार गरिएका बालबालिका | | | | | |
| | अस्थायी संरक्षण उपलब्ध गराइएका बालबालिका | | | | | |
| | स्वास्थ्योपचार गरिएका बालबालिका | | | | | |
| | पारिवारिक सहयोग | | | | | |
| | वैकल्पिक हेरविचारको प्रबन्ध गरिएका बालबालिका | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | नातेदारमार्फत वैकल्पिक हेरचाह | | | | | |
| | इच्छुक परिवारद्वारा हेरचाह | | | | | |
| | परिवारमा हेरचाह गराउने संस्था | | | | | |
| | परिवारमा हेरचाह गराउने संस्थामार्फत हेरचाहमा रहेका बालबालिका | | | | | |
| | सहयोग प्रायोजन | | | | | |
| | बाल गृह | | | | | |
| | बाल गृहमा वैकल्पिक हेरचाह भएका बालबालिका | | | | | |
| | बाल गृहबाट पारिवारिक पुर्नमिलन गराइएका बालबालिका | | | | | |
| | सामाजिक पुनएकीकरण गरिएका बालबालिका | | | | | |
| | पुर्नस्थापना गरिएका बालबालिका | | | | | |
| अधिकार प्रचलन | न्यायिक समितिमा परेका निवेदन | | | | | प्रकार |
| | अधिकार प्रचलन गराउन गरिएको आदेश | | | | | |
| | अधिकार प्रचलनका लागि अन्य गाउँपालिकाको न्यायिक समितिलाई लेखिपठाउने कार्य | | | | | |
| | अर्को गाउँपालिकाबाट लेखिआएको अधिकार प्रचलन गराएको कार्य | | | | | |
| | बालबालिकाका लागि गरिएको वैकल्पिक बन्दोबस्त | | | | | |
| | अधिकार प्रचलनका लागि निवेदन | | | | | |
| | अधिकार प्रचलनार्थ जारी आदेश | | | | | |
| | खारेज भएका निवेदन | | | | | |

| अधिकार/सेवा प्रवाह कोटी | परिसूचक | मापन एकाई | | | | |
|---|---|---|---|---|---|---|
| | | संख्या | लिंग | | | अन्य |
| | | | महिला | पुरुष | तेस्रो | |
| | दायित्व पुरा नगर्नेलाई भएको सजाय | | | | | |
| | बालबालिकालाई भराइएको क्षतिपूर्ति | | | | | |
| | बालबालिकाका लागि गरिएको वैकल्पिक बन्दोबस्त | | | | | |
| पीडित बालबालिकाको पुर्नस्थापना | स्वास्थ्योपचार गरिएका बालबालिका | | | | | |
| | पारिवारिक सहयोग | | | | | |
| | सहयोग प्रायोजन | | | | | |
| | पुनर्स्थापना केन्द्र | | | | | |
| | पुनर्स्थापना केन्द्र हेरचाह भएका बालबालिका | | | | | |
| | पुनर्स्थापना गृहबाट पारिवारिक पुर्नमिलन गराइएका बालबालिका | | | | | |
| | पुनर्सामाजिक पुनर्एकीकरण गरिएका पीडित बालबालिका | | | | | |

अनुसूची २

**अनाथ, बेवारिसे वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिभावक नभएको बालबालिकासम्बन्धी सूचना**

श्री बालकल्याण अधिकारी/प्रहरी कार्यालय

राजविराज नगरपालिका, सप्तरी ।

**विषय: बेवारिसे अवस्थामा बालबालिका फेला परेकोले उद्धार तथा संरक्षणार्थ प्रस्तुत गरेको**

महोदय,

जिल्ला पालिका वडा नं. मा मिति बजेको समयमा बेवारिसे अवस्थामा रहेको देहायबमोजिमको विवरण भएको बालबालिका फेला परेको हुनाले निजको तत्काल उद्धार तथा संरक्षणको व्यवस्था हुन यो जानकारी निवेदन गरेको छु :

फेला परेको बालबालिकाको नाम थर:

हुलिया :

उचाई :

उमेर :

लिंग :

शारीरिक अवस्था :

सक्षमता

बालबालिकासम्बन्धी थाहा हुन आएको अन्य कुरा :

फेला पार्ने व्यक्तिको नाम थर:

ठेगाना :

सम्पर्क नं :

हस्ताक्षर :

धन्यवाद ।

**अनुसूची २**

संस्था/बाल क्लब/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

निवेदनपत्रको ढाँचा

श्री प्रमुखज्यू,
मिति

राजविराज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय ।

**विषयः संस्था/बाल क्लब/सञ्जाल दर्ता/आवद्धता गरी पाऊँ भन्ने बारे ।**

महोदय,

हामीले ..........................................नामको संस्था/बाल क्लब / सञ्जाल खोल्न चाहेकोले "बाल अधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि २०८२" ले गरेको व्यवस्था बमोजिम संस्था/बाल क्लब/सञ्जाल सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेस गरेका छौं ।

प्रस्तावित संस्था/बाल क्लब/सञ्जालको प्रवन्धावलीको दुईप्रति, सिफारिस, संस्था/बाल क्लब/सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरूको नामावली, जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

भवदीय अध्यक्ष

अनुसूची ४

## संस्था/बाल क्लब/सञ्जाल दर्ता सूचीकृत प्रमाणपत्रको नमुना

राजविराज नगरपालिका, सप्तरी जिल्ला

मधेश प्रदेश, नेपाल

### दर्ता/आवद्धता प्रमाणपत्र

आवद्धता नं.- मितिः -

श्री............................संस्था/बाल क्लब/सञ्जाल

ठेगाना ......................

जिल्ला............ नगर/नगरपालिका ........................ वडा नं............ को................. विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा गठन भएको बाल क्लब/सञ्जाललाई यस अधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि २०८२ को दफा.....बमोजिम पालिकामा आवद्धता गरी प्रमाणपत्र प्रदान गरिएको छ।

बालअधिकारको संरक्षण कार्यमा संविधान तथा कानुनको अधीनमा रही यस नगर/नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ।

प्रमाणित गर्ने

पद

नाम :

दस्तखत:

अनुसूची ५

## संस्था/बाल क्लब/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा

### निवेदन पत्रको ढाँचा

मिति

श्री प्रमुखज्यू,

राजविराज नगरपालिकाको कार्यालय सप्तरी ।

**विषय: संस्था/बाल क्लब/सञ्जाल नवीकरण गरी पाऊँ भन्ने बारे ।**

महोदय,

..............जिल्ला.......................पालिका.........
वडा............................................................ विद्यालय/समुदाय/बालगृह/बाल सुधारमा गृहमा आधारित ................................ नामको संस्था/बालक्लब/सञ्जाल साथ दर्ता/आबद्ध भै क्रियाशील रहँदै आएकोमा सोको समयावधि हाम्रो मिति स्थित मा दर्ता न ........................मा समाप्त हुने/भएको छ । बाल क्लब/सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौ ।

हाम्रो संस्था/बाल क्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापको संक्षिप्त विवरण, संस्था/बाल क्लब/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदाधिकारीको विवरण यसैसाथ संलग्न गरिएको छ ।

भवदीय अध्यक्ष

## अनुसूची ६

### संस्था/बाल क्लब/सञ्जाल दर्ता/आबद्धता किताब

| क्र.सं. | संस्था/बाल क्लब/सञ्जालको नाम | ठेगाना | संस्था/बाल क्लब/सञ्जालमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची ७

### संस्था/बाल क्लब/सञ्जाल सूचीकरण नवीकरणको दर्ता किताब

| क्र.सं. | संस्था/बाल क्लब/सञ्जालको नाम | ठेगाना | संस्था/बाल क्लब/सञ्जालमा सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बालिका